नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

# आय विवरण पेश गर्ने म्याद थप सम्वन्धमा सावर्जनिक सूचना!!!

आयकर ऐन,२०५८ को दफा ९६ बमोजिमको करदाताले आय विवरण पेश गर्नुपर्ने अवधि आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा पेश गर्नुपर्ने र सो अवधिमा पेश गर्न नसक्ने करदाताले सोही ऐनको दफा ९८ को उपदफा (१) र (२) मा व्यवस्था अनुसार आय विवरण पेश गर्न विभागले एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनासम्म म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ। आय विवरण दाखिला गर्दा प्रणालीमा पर्नजाने अत्याधिक चापको कारण करदाताको असुविधालाई समेत मध्यनजरगरी ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालय अन्तरगतका करदाताको हकमा माग गरेबमोजिम २०८० षुस मसान्तसम्म र अन्य कार्यालय अन्तरगत रहेका करदाताहरुले २०८० पुससम्मको म्याद थप माग गरेमा पहिलोपटक २०८० मंसिर मसान्तसम्म म्याद थप हुने व्यवस्था गरिएको र उक्त अवधि भित्र मनासिव माफिकको कारणले आय विवरण दाखिला हुन नसकी पुनः म्याद थप माग गरेमा मात्र म्याद थप गर्न सक्ने भएकोले सम्वन्धित सवै करदाता तथा सरोकारवालालाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइएको छ।